आज मिति २०७५/१० /२० गते भीमेश्वर नगरपालिकाका नगर प्रमुख भरत बहादुर के.सी.ज्युको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ३१ औं बैठकमा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थिति रही देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

श्री भरत बहादुर के.सी.........................नगर प्रमुख

श्री कमला बस्नेत .......................नगर उप प्रमुख

श्री रामकृष्ण उप्रेती ........................(.प्र. प्र.अ.) सचिव

श्री बिर बहादुर थामी .....................वडा अध्यक्ष भी.न.पा. १

श्री विराजमान श्रेष्ठ ................... वडा अध्यक्ष भी.न.पा. २

श्री हरिसरण शिवाकोटी ......... वडा अध्यक्ष भी.न.पा. ३

श्री हरिवंश चौलागाई ................. वडा अध्यक्ष भी.न.पा. ४

श्री रामचन्द्र बस्नेत ................ वडा अध्यक्ष भी.न.पा. ५

श्री नबिन कुमार लामा ................. वडा अध्यक्ष भी.न.पा. ६

श्री कैलाश कुमार श्रेष्ठ .............. वडा अध्यक्ष भी.न.पा. ७

श्री नकुल के.सी. ...........................वडा अध्यक्ष भी.न.पा. ८

श्री चित्र बहादुर भुजेल ....................वडा अध्यक्ष भी.न.पा. ९

श्री लालकृष्ण थामी .................... कार्यपालिका सदस्य

श्री दिपक धनुके...................... .कार्यपालिका सदस्य,

श्री सुमन सुनाम ..................... .कार्यपालिका सदस्य,

श्री रुपा शाही भुजेल .................. कार्यपालिका सदस्य,

श्री गौरी थामी .......................... कार्यपालिका सदस्य,

श्री मन्जु बिश्वकर्मा ............ कार्यपालिका सदस्य,

श्री जमुना श्रेष्ठ ......................... कार्यपालिका सदस्य,

श्री किरण वली..................... . कार्यपालिका सदस्य,

## कार्यपालिकाको ३१ औ *बैठकका प्रस्ताव तथा निर्णयहरु*

*मिति २०७५/१०/२०*
समय : दिउसो १:०० बजे

१, कृषि सामग्री वितरण तथा साना सिंचाई कार्यक्रम संबन्धमा
२, विविध

निर्णय नं .१ प्रस्ताव नं . १(क) माथि छलफल गर्दा कृषि सामग्री बितरण कार्यक्रम तर्फ प्राप्त निबेदनमा देहाए बमोजिम थ्रेसर तथा मिनिटिलर सम्बन्धित समुहले व्यहोर्ने ५०% रकम यस कार्यालयमा जम्मा गरेपछि कार्यालयले खरिद गरी ५०% अनुदानमा उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

| क्र. स. | वार्ड नं | थ्रेसर संख्या | कृषक समुहको नाम / नगद सभागीता ५०% थ्रेसर | मिनिटिलर संख्या | कृषक समुहको नाम /नगद सभागीता ५०%/ मिनिटिलर |
|---|---|---|---|---|---|
| १ | १ | १ | नमुना तरकारी कृषक समूह (कुलब. थामी) | ३ | ➢ सक्षम कृषक सहकारी सस्था लि.,<br>➢ त्रिबेणी दुग्ध उत्पादन सहकारी सस्था लि,<br>➢ गुप्तेस्वर कृषक आमा समूह |
| २ | २ | ० | | २ | ➢ कृष्णबहादुर सुकमाया थामी र ज्ञान ब .श्रेष्ठ ,<br>➢ सोमबहादुर , कृष्णबहादुर र बल बहादुर श्रेष्ठ |
| ३ | ३ | ० | | २ | ➢ वनदेवि कृषक समूह (हरिमाया कुसुले)<br>➢ पशुपति कृषक समूह ( धुर्व बहादुर खत्री ) |
| ४ | ४ | १ | शालिग्राम कृषक समूह (चेली के.सी.) | ३ | ➢ ........ ......... समूह, हिरा बहादुर श्रेष्ठ<br>➢ ..................समूह, नारायण बस्सेल<br>➢ जिलु सानाकिसान कृषि सहकारी सस्था (दिल ब. श्रेष्ठ) |
| ५ | ५ | १ | कानले पाताल कृषक समूह (मोति ब. खत्री ) | ४ | ➢ घोक्शिला कृषक समूह (टंक ब. श्रेष्ठ ),<br>➢ लगनशील कृषक समूह (रामराजा के.सी.),<br>➢ सिरानमाटी कृषक समूह(बिष्णु ब. बस्नेत),<br>➢ बिष्णुचरण चर्णावती कृषि सहकारी सस्था लि (श्रीकृष्ण बस्नेत ) |
| ६ | ६ | ० | | ४ | ➢ टागनागी आयआर्जन मिश्रति कृषक समूह (पार्वती श्रेष्ठ ),<br>➢ जुक्रेबेसी कृषक समूह (हस्त बहादुर श्रेष्ठ ), २ थान<br>➢ जागरुक कृषक समूह |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | ७ | ० | | ५ | ➢ हाम्रो कृषि कृषक समूह (दिपक तामाङ),<br>➢ देउरालीडाँडा कृषक समूह,<br>➢ बास्कोटे बहुउद्देश्य कृषक (शिब ब.बस्नेत ),<br>➢ दिदीबहिनी मिलनशिल कृषक समूह.(मिठु बयलकोटी ),<br>➢ तरकारी तथा बाख्रापालन महिला कृषक समूह (मित्रलक्ष्मी के.सी.) |
| ८ | ८ | ० | | ३ | ➢ कर्डेन तरकारी तथा फलफुल कृषक समूह ,<br>➢ घुम्ती कृषक समूह (२थान ) |
| ९ | ९ | ० | | ४ | ➢ लिसेपानी सामुदायिक सस्था ,<br>➢ तौथली महारानी महिला समूह,<br>➢ अईतवारे महिला कृषक समूह<br>➢ धनाजाती कृषिफार्म प्रा. लि. |
| जम्मा | | ३ | | ३० | |

१(ख) माथि छलफल गर्दा साना सिचाई तथा प्लास्टिक पोखरी तर्फ परेका ७ वटा निबेदनहरुको उपभोक्ताले३०% लागत व्यहोर्ने गरि प्राबिधिक लागत इस्टिमेट तयार गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र स. | कृषक समुहको नाम | स्थान | कैफियत |
|---|---|---|---|
| १ | नमुना तरकारी खेति कृषक समूह ( कुल ब. थामी ) | भी. न. पा. १ | सानासिचाई निर्माण |
| २ | अर्चालादेबी बिरुवा कृषक समूह ( होम ब. खत्री) | भी. न. पा. ५ | सानासिचाई निर्माण |
| ३ | पौरखी कृषक समूह (बालकृष्ण बस्नेत ) | भी. न. पा. ५ | सानासिचाई निर्माण |
| ४ | जागरुक कृषक समूह ( नारायण प्र. न्यौपाने ) | भी. न. पा. ६ | सानासिचाई निर्माण |
| ५ | भिमेश्वोर अर्गानिक एग्रिकल्चर एण्ड रिसर्च प्रा.लि.(भोलानाथ खतिवडा ) | भी. न. पा. ६ | प्लास्टिक पोखरी |
| ६ | तरकारी तथा बाख्रा पालन महिला कृषक समूह ( मित्र लक्ष्मी के.सी.) | भी. न. पा. ७ | सानासिचाई निर्माण |
| ७ | घुम्ती कृषक समूह ( राम बहादुर बस्नेत ) | भी. न. पा. ७ | सानासिचाई निर्माण |

**निर्णय नं . २ प्रस्ताब नं . २ (क )** माथि छलफल गर्दा भीमेश्वर नगरपालिकाले यस अघि विभिन्न मितिमा बसेका नगर सभा ,नगर कार्यपालिकाको बैठक ,वडा समितिका बैठक, नगर कार्यपालिकाको निर्णय अनुसार गठन भएका समिति तथा कार्यदलहरुको, (प्रदेश सभाले बैठक भत्ताको दर उल्लेख गरि तोकेको बैठक बाहेकका ) बैठकहरुको बैठक भत्ता नेपाल सरकार अर्थ मन्त्रालयबाट जारि भएको मापदण्ड अनुसार रु १५००/-( एक हजार पाचसय ) का दरले भुक्तानी भएको रकम अनुमोदन गर्दै आगामी दिनमा पनि माथि उल्लेखित , (प्रदेश सभाले बैठक भत्ताको दर उल्लेख गरि तोकेको बैठक बाहेकका ) बैठकहरुका लागि रु १५००/- (पन्द्र सय ) बैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं . २ प्रस्ताब नं . २ (ख )** माथि छलफल गर्दा यस नगरपालिका वार्ड नं. ९ लाकुरीडाडा,चौतारा गाउँ बस्ने गणेश भुजेलको घर २०७५/०९/१९ गते आगलागी भई पूर्णरुपमा क्षेती भएको भनि प्रहरी मुचुल्का सहित दिएको निवेदन सम्बन्धमा रु ४०,०००/- (चालिस हजार ) अग्नि पिडित सहयोग दिने निर्णय गरियो ।

**निर्णय नं . २ प्रस्ताब नं . २ (ग )** माथि छलफल गर्दा सङ्घीय कार्यक्रम किशोर किशोरी अन्तर्गत प्राप्त रु २५,००० /- बाट यस नगरपालिका वार्ड नं. ९ मा सुर्के मा. बि. खरीढुङ्गा र सुर्के मा.बि भण्डारेमा कक्षा ६ देखि १० सम्म अध्ययन गर्ने करिब २४५ जना किशोरीहरुको महिनावारी स्वास्थ्य ब्यबस्थापन कार्यक्रम संचालन गर्न नपुग हुने थप रकम महिलासंग उपमेयर कार्यक्रमबाट रु ७५००० /- (पचहत्तर हजार मात्र )उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं . २ प्रस्ताब नं . २ (घ )** माथि छलफल गर्दा यस नगरपालिकाको साविक वार्ड नं. ६ हाल वार्ड नं. ५ स्थित सीताकुण्ड सामुदायिक वनसगको समन्वयमा सरसफाइ केन्द्र संचालन गर्दा यस आ.ब.का लागि त्यस क्षत्रको वातावरण संरक्षण कार्य गर्न अनुदान वापत रु १७६,०००/- (एकलाख छयहत्तर हजार ) थप आयहुने शिर्षक बाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं . २ प्रस्ताब नं . २ (ङ)** माथि छलफल गर्दा यस नगरपालिकाको विभिन्न सुचाना तथा बिज्ञापन प्रशारण गर्न नगरपालिका क्षेत्रमा संचालित तपशिल बमोजिमका एफ.एम. हरुलाई प्रति एफएम वार्षिक रु ५०,०००/- (पचास हजार मात्र ) रेडियो अनलाइन तथा पत्रपत्रिका शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

- रेडियो शैलुंग एफ.एम
- हाम्रो रेडियो एफ.एम
- कालिन्चोक एफ.एम
- रेडियो भिमेस्वर एफ.एम

**निर्णय नं . २ प्रस्ताब नं . २ (ङ)** माथि छलफल गर्दा यस नगरपालिका वार्ड नं. ४ स्थित सार्केस्वारामा २०७५//०४/२५ मा आएको बर्षाको कारण क्षतिग्रस्त सडक मर्मत सम्भार गर्दा लागेको रु २०,०००/- (बिस हजार ) मर्मत सम्भार कोष बाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं . २ प्रस्ताब नं . २ (च )** माथि छलफल गर्दा यस नगरपालिकाको साविक वार्ड नं. ६ हाल वार्ड नं. ५ स्थित सीताकुण्ड सामुदायिक वनको खण्ड (ख ) बिरुवा सिचाई पोखरी क्षेत्रमा मयुर पार्क निर्माणका लागि अन्य थप हुने आय शिर्षकबाट रु १०,०० ,०००/- (दस लाख ) आगामी नगर सभाबाट अनुमोदन हुनेगरी बिनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं . २ प्रस्ताब नं . २ (छ )** माथि छलफल गर्दा यस नगरपालिकाको वार्ड नं. ७ कुप्रीमा सेवक नेपालको सहयोगमा निर्माण हुने खानेपानी योजना कार्यान्वयनका लागि यस नगरपालिकाबाट लागत सहभागीता वापत रु ५,००,०००/- (पाचलाख ) लागत सहभागिता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं . २ प्रस्ताब नं . २ (छ )** माथि छलफल गर्दा लट्टेश्वोर महादेव भी.न.पा. ६ मा खानेपानी ब्यबस्थापन गर्दा लागेको रु १९०४३ /- (उन्नाइस हजार त्रिचालिस रुपैयाँ मात्र) मर्मत सम्भार कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं . २ प्रस्ताव नं . २ (ज )** माथि छलफल गर्दा यस नगरपालिका वार्ड नं. ७ स्थित हरिकृतन आधारभूत बिद्यालयमा बालमैत्री कक्षा ब्यबस्थापन गरि संचालन गर्न मर्मतसम्भार कोषबाट रु ३०,०००/- (तीस हजार ) मात्र उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं . २ प्रस्ताव नं . २ (झ )** माथि छलफल गर्दा नेपाल सरकार मंत्रिपरिषदको मिति २०७४/१२/१४ को निर्णय अनुसार गठित भौतिक संरचना ब्यबस्थापन समितिको निर्णय अनुसार साबिकको डिभिजन सहकारीको भवन यस नगरपालिकालाई हस्तान्तरण भएकोमा हाल अस्थायी रुपमा उक्त भवन सशस्त्र प्रहरी वल नेपाल गुल्म हे.क्वा. दोलखा ,१८ नं . गुल्म लाइ दिने र साबिक महिला बिकास कार्यालय, भवनमा जिल्ला जनस्वास्थ्य कार्यालय, दोलखालाई ब्यबस्थापन गर्ने तथा साविकको जिल्ला जनस्वास्थ्य कार्यालयका भवन लगायतका भौतिक संरचना प्राथमिक स्वास्थ्य केन्द्र चरिकोट,अन्तर्गत न्यायहेल्थ नेपालले संचालन गरेको प्रस्तावित चरिकोट अस्पताललाई विशेष सेवा( Bloodbank with 100 bed )समेत संचालन गर्न उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं . २ प्रस्ताव नं . २ (ञ )** माथि छलफल गर्दा यस नगरपालिकाको सुचना प्रणालीलाई थप ब्यबस्थित गरि ग्रुप sms सेवा संचालन गर्न लाग्ने अनुमानित लागत रु १४१२४/-( चौध हजार एक सय चौबिस ) रेडियो अनलाइन पत्रपत्रीका शिर्षक बाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं . २ प्रस्ताव नं . २ (ट )** माथि छलफल गर्दा यस नगरपालिकाको सवारी साधन ब्यबस्थापन कार्यविधि २०७४ को बुदा २ को (५) ख, मा सक्सन ट्याक चालक प्रति ट्रीप रु २००/- का दरले, सहयोगी लाई रु ५००/- भएकोमा प्रति ट्रीप सहयोगी तथा चालकलाई एक मुष्ठ रु १२००/- तथा सोहि कार्य विधिको बुदा २ को (५) (ग) मा बेवारिसे शव उठाउदा चालकलाई प्रति ट्रीप रु ५००/- र सहयोगीलाई एकमुष्ट रु ४०००/- भएकोमा एकमुष्ट रु ४,५ ००/- ( चार हजार पाच सय ) गरि संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं . २ प्रस्ताव नं . २ (ठ )** मिति २०७५/५/०६मा बसेको कार्यपालिकाको बैठकको निर्णय नं १२ मा भएको निर्णय अनुसारको बिनियोजन भएको रकम अन्य थपहुने श्रोतबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं . २ प्रस्ताव नं . २ (ड )** भीमेश्वर नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक बिद्यालयहरुमा अध्ययनरत स्काउटमा सहभागी विद्यार्थीहरुलाई स्काउट ड्रेसको ब्यबस्था गरिपाउ भनि माग भई आएकोले नगरपालिकाबाट विद्यार्थी पोशाक शिर्षकमा बाँकी रहेको रकमबाट स्काउट ड्रेस उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं . २ प्रस्ताव नं . २ (ढ )** यस नगरपालिकाद्वारा संचालन गरिने दश लाख भन्दा माथिका योजनाहरु ठेक्का प्रणालीमा कार्यान्वयन गर्ने नीतिगत निर्णय भएतापनि विनियोजन ऐन २०७५ को अनुसूची ३ (३४) मा विनियोजन भएको भिमेस्वर सानो खेल मैदान तथा पार्क निर्माण (टावर डाँडा ) शिर्षकको रकम रु १५,००,०००/- (पन्द्र लाख मात्र ) वन संगको समन्वयमा कार्यान्वयन गर्नुपर्ने भएकोले उक्त योजना उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।